नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
(.....शाखा)
फोन: ०१-४५२९६६०
कालिकास्थान, काठमाण्डौ
Website: www.immigration.gov.np

पत्र संख्या:-

चलानी नं.:-

शोक वक्तव्य

यस विभाग अन्तर्गत अध्यागमन कार्यालय, टिमुरे, रसुवामा कार्यरत अध्यागमन अधिकृत यादव भण्डारीको मिति २०८३ साल भाद्र १० गतेका दिन कार्यालयमा काम गरिरहेको समयमा भोटेकोशी नदीमा आएको भिषण बाढीमा परी अकल्पनीय एवम् असामयिक निधन भएको दुःखद खबरले यस विभाग परिवारलाई स्तब्ध र मर्माहत बनाएको छ।

उहाँले आफ्नो सेवा अवधिभर राष्ट्र र नागरिक सेवामा पुऱ्याउनुभएको योगदान, इमानदारिता र निष्ठाको यस विभागले सदा स्मरण गरिरहनेछ। उहाँको निधनबाट विभागले एक कुशल, लगनशील र कर्तव्यनिष्ठ राष्ट्रसेवक कर्मचारी गुमाएको छ।

यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, शोक सन्तप्त परिवारजन, आफन्त र शुभचिन्तकहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै गहिरो समवेदना व्यक्त गर्दछौं।

मितिः २०८३/०५/१५

.....
(रामचन्द्र तिवारी)
(महानिर्देशक)